नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तानसेन, पाल्पा

☎ ०७५ ५२०१२३ / ५२०१२४ / ५२०१२५

Email: daopalpa@gmail.com
Website: http://daopalpa.moha.gov.np
Facebook Page : www.facebook.com/dao.palpa.184

च.नं.
प.स. २०८०/०८१

मिति : २०८१।१।३१
ने.स.११४४ बछलाथ्व, ६ सोमवार

## चट्याङ्गबाट बच्न सतर्कता अपनाउने सम्बन्धी सूचना ।

विगत केही दिनदेखि देशका विभिन्न स्थानहरुमा चट्याङ्गबाट मानवीय एवं भौतिक क्षति भएको हुँदा सोको न्यूनीकरणका लागि तपशिलका उपायहरु अवलम्वन गरी सावधानी अपनाउनुहुन सम्पूर्ण जिल्लावासीहरुलाई सूचित गरिन्छ ।

तपशिलः-

| सतर्कताका उपायहरु | |
|---|---|
| **घर भित्र रहँदा :-** | **घर बाहिर रहँदा :-** |
| • विद्युतीय सामाग्रीहरु जस्तैः टि.भी., कम्प्युटर, फ्रिज, वासिङ्ग मेसिन बन्द गर्ने ।<br>• झ्याल, ढोका बन्द गरी घरको भित्ता देखि टाढै बस्ने ।<br>• अत्यावश्यक अवस्थामा बाहेक मोवाइल वा कर्डलेस फोन प्रयोग नगर्ने ।<br>• घर बाहिर ननिस्कने ।<br>• तारसहितको टेलिफोन प्रयोग गरी कुरा नगर्ने । | • आकाशमा विजुली चम्किन र गड्याङगुडुङ्ग गर्न थालेपछि घरभित्र बस्ने ।<br>• पक्की घर वा गाडी नजिक छ भने घर वा गाडीभित्र झ्याल ढोका बन्द गरी बस्ने ।<br>• खुल्ला मैदानमा भए दुई घुँडा बीच टाउको लुकाई टुक्रुक्क बस्ने ।<br>• नजिक घर छैन भने तुरुन्तै सुरक्षित स्थानमा ओत लाग्ने तर रुख वा विजुलीको पोलमुनि कहिल्यै नबस्ने ।<br>• खेतबारीमा काम नगर्ने ।<br>• पौडी खेल्ने, माछा मार्ने, र्‍याफ्टिङ गर्ने जस्ता क्रियाकलाप नगर्ने ।<br>• धातुको तारबारको नजिक नबस्ने । |

२०८१।१।३१
भक्ति सरा राना
सहायक प्रमुख जिल्ला अधिकारी